आज मिति २०८० साल असार महिनाको ७ गते बिहिबारका दिन यस बेसीशहर नगरपालिका नगर कार्यपालिकाका नगर प्रमुख श्री-गुमान सिंह अर्याल ज्यूको अध्यक्षतामा यस बेसीशहर नगरपालिकाको विभिन्न विषयमा नगर कार्यपालिकाको "एक्काइसौं" बैठक बसी तपसिल बमोजिमको उपस्थितिमा तपशिल बमोजिमको छलफल एवं निर्णय गरियो ।

## उपस्थिति :–

१, नगर प्रमुख श्री गुमान सिंह अर्याल
२, उप- प्रमुख श्री पद्‌मा गुरुङ
३, प्र· प्र· अधिकृत श्री इमनाथ कडेल
४, वडा अध्यक्ष (१) श्री दुर्गा बहादुर बुढाथोकी
५, —,,— (२) श्री मदन बहादुर राना
६, —,,— (३) श्री चित्र बहादुर दर्नाई
७, —,,— (४) श्री राम बहादुर गुरुङ
८, —,,— (५) श्री इन्द्र बहादुर गुरुङ
९, —,,— (६) श्री प्रकाश थापा
१०, —,,— (७) श्री ऋषिराम बस्नेत
११, —,,— (८) श्री पवित्रा थापा राना
१२, —,,— (९) श्री खुशि जङ गुरुङ
१३, —,,— (१०) श्री गंगा बहादुर थापा
१४, —,,— (११) श्री शिब प्रसाद जोशी
१५, कार्यपालिका सदस्य श्री हिरालाल विश्वकर्मा
१६, —,,— श्री श्रीनाथ दुलाल
१७, —,,— श्री कल्पना थापा बोहरा
१८, —,,— श्री बिमला न्यौपाने अधिकारी
१९, —,,— श्री सुक माया गुरुङ
२०, —,,— श्री सुक माया घर्ती
२१, —,,— श्री मनिता परियार

### सहजकर्ता कर्मचारी

२२, कार्यक्रम अधिकृत श्री महेन्द्र पोखरेल
२३, प्रशासन अधिकृत श्री गोविन्द बहादुर राउत

गुमान सिंह अर्याल
नगर प्रमुख

**बेसीशहर नगर कार्यपालिकाको कार्यालय**
**लमजुङ, गण्डकी प्रदेश, नेपाल**

***नगर कार्यपालिकाको मिति २०८० असार ७ गतेको बैठकका प्रस्तावहरु***

१. अघिल्लो बैठकका निर्णयहरुको समीक्षा सम्बन्धमा ।
२. आगामी आर्थिक बर्ष २०८०/०८१ को नीति, कार्यक्रम तथा बजेट सम्बन्धमा ।
३. आर्थिक विधेयक २०८० को सम्बन्धमा
४. विनियोजन विधेयक २०८० को सम्बन्धमा
५. आय व्यय विवरण सम्बन्धमा ( आ.व. २०७८।०७९ को यथार्थ आय व्यय, चालु आव २०७९।०८० को प्रस्तावित तथा संशोधित आय व्यय, आ.व. २०८०।०८१ को आय व्यय अनुमान)
६. आगामी आ.वको सशर्त/समपुरक/विशेष अनुदानतर्फका योजना तथा कार्यक्रम सम्बन्धमा ।
७. आगामी आवको वडास्तरीय/नगरस्तरीय कार्यक्रम सम्बन्धमा ।
८. सडक बोर्डतर्फको समपुरक रकम सम्बन्धमा ।
९. कृषि एम्बुलेन्सको लागि अपुग रकम सम्बन्धमा ।
१०. ठेक्का सम्झौताको म्याद थप सम्बन्धमा । रिठ्ठेबगर उदिपुर सडक, उदिपुर कालिका मन्दिर डिपिआर
११. ठेक्का भेरिएसन सम्बन्धमा । अस्पताल चोक मर्स्याङ्दी पुल १० नं वडा कार्यालय सडक
१२. प्राकृतिक श्रोत (ढुंगा,गिटी, बालुवा) बिक्रीको ठेक्का बन्दोबस्ती सम्बन्धमा ।
१३. विविध

- सामाजिक सुरक्षा भत्ता सम्बन्धमा (ग वर्ग र एकल पुरुष)
- वडा समितिको बैठक भत्ता सम्बन्धमा ।
- विपद् व्यवस्थापनको लागि ढुंगा खरिद गर्न जिल्ला विपद् व्य. समितिलाई सहयोग (१ लाख) सम्बन्धमा ।
- तोकादेश वमोजिम सम्पन्न भएका योजनाहरुको भुक्तानी सम्बन्धमा ।
- विपद् व्यवस्थापनका लागि तारजाली खरिद तथा सिंचाई पाइप सम्बन्धमा
- विपद्जन्य योजनाहरुको सम्झौता सम्बन्धमा ।
- दलित लक्षित लोकसेवा तयारी कक्षा सञ्चालन सम्बन्धमा ।
- नीजि श्रोतका शिक्षकहरुको तलव भुक्तानी सम्बन्धमा ।
- निर्णय संशोधन तथा अनुमोदन सम्बन्धमा ।

**बैठकबाट पारित निर्णयहरु**

**निर्णय नं. १: अघिल्लो बैठकका निर्णयहरुको समीक्षा सम्बन्धमा ।**
२०८०।०२।१४ गतेको नगर कार्यपालिका बैठकले गरेका निर्णयहरुको कार्यान्वयनको अवस्था बारे यस बैठकमा समीक्षा गरियो ।

गुमान सिंह अर्याल
नगर प्रमुख

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३

बेसीशहर नगर कार्यपालिकाको मिति २०८०/०३/०७ गतेको बैठक

**निर्णय नं. २ : आ.व. २०८०।०८१ को नीति, कार्यक्रम तथा बजेट सम्बन्धमा ।**

आगामी आर्थिक बर्ष २०८०/०८१ को अनुसूची १ वमोजिमको बार्षिक नीति, कार्यक्रम तथा बजेट पारित गरी मिति २०८०/०३/१० गतेको नगरसभाको तेह्रौं अधिवेशन समक्ष पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३ : आर्थिक विधेयक २०८० सम्बन्धमा ।**

बेसीशहर नगरपालिकाको आगामी आ.व. २०८०/०८१ का लागि करका दरहरु तथा राजश्व परिचालनका लागि बेसीशहर नगरपालिकाको अनुसूची २ वमोजिमको आर्थिक विधेयक २०८० नगरसभाको तेह्रौं अधिवेशनसमक्ष पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४ : विनियोजन विधेयक २०८० सम्बन्धमा ।**

बेसीशहर नगरपालिकाको आगामी आ.व. २०८०/०८१ का लागि अनुसूची ३ वमोजिमको सञ्चित कोषबाट खर्च गर्ने तथा एक शिर्षकबाट अर्को शिर्षकमा रकमान्तर गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विनियोजन विधेयक २०८० नगरसभाको तेह्रौं अधिवेशन समक्ष पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५ : आय व्यय विवरण सम्बन्धमा**

गत आर्थिक वर्ष २०७८/०७९ को यथार्थ आय व्यय, चालु आर्थिक बर्ष २०७९/०८० को प्रस्तावित आय व्यय, जेठ मसान्तसम्मको यथार्थ आय व्यय र संशोधित अनुमान तथा आगामी आर्थिक वर्ष २०८०/०८१ को प्रस्तावित आय व्यय विवरण अनुसूची ४ वमोजिम पारित गरी नगरसभाको तेह्रौं अधिवेशन समक्ष पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६ : सशर्त, समपुरक तथा विशेष अनुदानतर्फका कार्यक्रम सम्बन्धमा ।**

आगामी आर्थिक बर्ष २०८०।०८१ का लागि संघ तथा प्रदेश सरकारबाट बेसीशहर नगरपालिकामा प्राप्त सशर्त, समपुरक तथा विशेष अनुदानतर्फका अनुसूची ५ वमोजिमका योजना तथा कार्यक्रमहरुको सम्बन्धमा यस कार्यपालिका बैठकमा छलफल भै उक्त योजना तथा कार्यक्रम तेह्रौं नगरसभा अधिवेशन समक्ष पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७ : आगामी आवको वडास्तरीय/नगरस्तरीय कार्यक्रम सम्बन्धमा ।**

आगामी आर्थिक बर्ष २०८०।०८१ को नगरस्तरीय तथा वडास्तरीय आयोजना तथा कार्यक्रमहरुको विस्तृत विवरण तयार हुँदै गरेको तर अन्तिम रुप दिन बाँकी रहेको हुँदा नगरसभा अधिवेशनको दोश्रो बैठक अघि कार्यपालिका बैठकले अन्तिम रुप दिई तेह्रौं नगरसभा अधिवेशनको दोश्रो बैठकमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८ : सडक बोर्डतर्फको समपुरक रकम सम्बन्धमा ।**

चालु आ.व. २०७९।८० मा सडकबोर्डको ७०% र नगरपालिकाको ३०% लागत साझेदारीमा ठेक्का प्रक्रियाबाट कार्यान्वयनमा रहेको सिलाङे मोड-चम्डिला-पुरानोकोट सडक स्तरोन्नतिको लागि नगरपालिकाबाट व्यहोर्नुपर्ने देहाय वमोजिमको रकम नगरपालिकाको आन्तरिक श्रोततर्फको सडक कालोपत्रे लागत साझेदारी शिर्षकबाट विनियोजन गर्ने निर्णय गरियो ।

**देहाय :**

कुल लागत रकम : रु.९५ लाख ६५ हजार ३०२

ठेक्का सम्झौता रकम : रु ६९ लाख ४० हजार ६६५

सडक बोर्डबाट व्यहोर्नु पर्ने रकम (७०%) : रु. ४८ लाख ५८ हजार ५३६

**नगरपालिकाबाट व्यहोर्नु पर्ने रकम (३०%) : रु. २० लाख ८२ हजार २३०**



गुमान सिंह अर्याल
नगर प्रमुख

**निर्णय नं. ९ : कृषि एम्बुलेन्सको लागि अपुग रकम सम्बन्धमा ।**

चालु आ.व. २०७९।०८० मा कृषि एम्बुलेन्स सञ्चालनमा ल्याउने उद्देश्यले कृषि एम्बुलेन्स खरिदको लागि ठेक्का प्रक्रिया टुंग्याउँदा देहाय वमोजिमको रकम लाग्ने भएकोले मिति २०८०।०१।१३ को कार्यपालिका बैठकको निर्णय नं ३ समेतलाई संशोधन गरी देहाय वमोजिमको अपुग रकम आन्तरिक श्रोततर्फ जेसिबी खरिद शिर्षकमा विनियोजित रकम मध्येबाट व्यहोर्ने निर्णय गरियो ।

**देहाय :**

ठेक्का रकम : रु. २४ लाख १५ हजार

नगरसभाबाट विनियोजित रकम रु ११ लाख

थप विनियोजन गर्नुपर्ने रकम : रु १३ लाख १५ हजार

**निर्णय नं. १० : ठेक्का सम्झौताको म्याद थप सम्बन्धमा ।**

चालु आ.व.मा निर्माण तथा परामर्श सेवा खरिद गरी कार्यान्वयनमा रहेका देहाय वमोजिमका आयोजना तथा कार्यक्रमको ठेक्का संझौताको म्याद २०८० असार मसान्तसम्म थप गर्ने निर्णय गरियो ।

**देहाय :**

(क) ठेक्का नं ०२/०७९/८० रिठ्ठेबगर उदिपुर सडक स्तरोन्नति

(ख) उदिपुर कालिका मन्दिर विस्तृत परियोजना प्रतिवेदन (DPR) निर्माण

**निर्णय नं. ११ : ठेक्का भेरिएसन सम्बन्धमा ।**

प्रदेश समपुरकतर्फको जिल्ला अस्पताल चोकदेखि मर्स्याङ्दी नदि मोटरेवल पुल हुँदै १० नं वडा कार्यालय सम्मको सडक स्तरोन्नतिको लागि बेसीशहर नगरपालिका र जि.टी. कन्स्ट्रक्सन बेनपा ७ विच सम्झौता भई निर्माण कार्य अघि बढेकोमा निर्माणको क्रममा छेउमा पहिरो गएको कारण Stone masonry बढेको तथा अन्य केही स्थानमा पहिरोको कारण ढलानको चौडाई घटाएको हुँदा सम्झौताको परिमाण भन्दा कुनै आइटम बढी र कुनै आइटम घटी हुन गएको भन्ने प्राविधिक प्रतिवेदन समेतको आधारमा देहाय अनुसार भएको भेरिएसनलाई स्वीकृत गर्ने निर्णय गरियो ।

| सम्झौता रकम | संशोधित रकम | बढी रकम रु | घटी रकम रु |
|---|---|---|---|
| १३९३९२०९१ | १३७६०१७७.३० | - | १७९०३१७८ (-१२८%) |

**निर्णय नं. १२ : प्राकृतिक श्रोत (ढुंगा,गिटी, बालुवा) बिक्रीको ठेक्का बन्दोबस्ती सम्बन्धमा ।**

प्राकृतिक श्रोतको उपयोग कर सम्बन्धमा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११(प) को बुँदा ७ तथा दफा ६४ को उपदफा (च) ले दिएको अधिकार अन्तर्गत नगरपालिका क्षेत्रभित्र बग्ने नदी खोलाबाट निस्कने ढुंगा, गिटी, बालुवा, ग्राभेल आदिको आ.व २०८०।०८१ मा बिक्री कर संकलनका लागि चालु आ.व.मा तयार गरिएको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन तथा राजश्व परामर्श समितिको मिति २०८०/०२/२६ गतेको बैठकको सिफारिस समेतको आधारमा देहाय वमोजिमको घाट (स्थान) को लागि देहाय वमोजिमको न्यूनतम अंक तोकी सोही वमोजिमको बोलपत्र सूचना प्रकाशन गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

गुमान सिंह अर्याल
नगर प्रमुख

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३

बेसीशहर नगर कार्यपालिकाको मिति २०८०/०३/०७ गतेको बैठक

देहाय

| ठेक्का नं. | नदी/ खोला | उत्खनन् गरिने घाटको नाम तथा क्षेत्र | वडा नं. | उत्खनन् योग्य परिणाम घ.मि. | आ.व. २०८०।०८१ का लागि स्वीकृत न्यूनतम ठेक्का रकम रु |
|---|---|---|---|---|---|
| १/२०८०।८१ | मर्स्याङदी | **खासुर अक्कर खण्ड** (तालखोलादेखि भाचोक खोला दोभानसम्म) | १० | ५००० | १२५०००० |
| २/२०८०।८१ | मर्स्याङदी | **भोटेफाँट खण्ड** भाचोक खोलादेखि बाँफाखेत मोटरेवल पुलसम्म) | १० | ७५० | २००००० |
| ३/२०८०।८१ | मर्स्याङदी | **आँपचौर खण्ड** (आँपचौरको पुलदेखि दक्षिणतर्फ बरबोट खोला माथिसम्म) | १० | १२५० | ३१०००० |
| ४/२०८०।८१ | मर्स्याङदी | **सालडांडा खण्ड** (थारचौर पुलदेखि तल सालडाडा मुनीको भाग) | २,१० | ६८२५ | १७००००० |
| ५/२०८०।८१ | मर्स्याङदी | **रानीकुवा टापु मुनीको खण्ड** (मरनघाटमाथिको खण्डदेखि आँपचौरको पुलसम्म) | ३ | २५०० | ७००००० |
| ६/२०८०।८१ | मर्स्याङदी | **भकुण्डे वोहोराबेसी खण्ड** (वोहोरा वउरमुनीको भाग) | २ | ५६२।५ | १४०००० |
| ७/२०८०।८१ | मर्स्याङदी | **भकुण्डे शिशौघारी खण्ड** भकुण्डे सिसौघारी मुनीदेखि मन्दिर माथिको भाग) | २ | ७५० | २००००० |
| ८/२०८०।८१ | मर्स्याङदी | **गैरीवगर घाट** (उदीपुरको भोपुदेखि साँधखोलासम्म) | १, ११ | ७५० | २००००० |
| ९/२०८०।८१ | मर्स्याङदी | **आर्मी ब्यारेक पुछार** (चिती मोटरेवल पुलदेखि माथि आर्मी ब्यारेक मुनीको भाग) | १,११ | ३००० | ७५०००० |
| १०/२०८०।८१ | मर्स्याङदी | **रिठ्ठेवगर घाट** (चिती मोटरेवल पुल घुम्तीदेखि तल देउथान खोलासम्म | १,११ | ९००० | ४०००००० |

गुमान सिंह अर्याल
नगर प्रमुख

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८०/०३/०७ गतेको बैठक

| ठेक्का नं. | नदी/ खोला | उत्खनन् गरिने घाटको नाम तथा क्षेत्र | वडा नं. | उत्खनन् योग्य परिमाण घ.मि. | आ.व. २०८०।०८१ का लागि स्वीकृत न्यूनतम ठेक्का रकम रु |
|---|---|---|---|---|---|
| ११ / २०८०।८१ | मर्स्याङदी | **त्रिवेणी घाट** (मर्स्याङदी नदी र दोर्दी खोलाको दोभान क्षेत्र) | ११ | २७०० | १०००००० |
| १२ / २०८०।८१ | दोर्दी खोला | **दोर्दी खोला क्षेत्र (ढुंगा समेत** (चिती खण्ड दोर्दी खोला वारीपट्टीको भाग सबै) | ११ | ५६२५ | १३९०००० |
| १३ / २०८०।८१ | मिदिम खोला | **नाल्मा मिदिमखोला क्षेत्र** (राम्चेखोलादेखि हाँडीखोला हुँदै मिदिम खोंलाको नाल्मा खण्ड) | ५ | ७५० | १९०००० |

**निर्णय नं. १३ : सामाजिक सुरक्षा भत्ता सम्बन्धमा ।**

६० वर्ष माथिका एकल पुरुष र मध्यम प्रकारको अपांगता भएका (गवर्गको अपांगता परिचयपत्र लिएका) व्यक्तिहरुका लागि मासिक रु ५००/- का दरले चालु आ.व.को माघ महिनाबाट सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउने निर्णय वमोजिम निवेदन संकलन गरी चेकजाँच गर्दा मापदण्ड भित्र परेका ६० वर्ष माथिका एकल पुरुष ३४ जना र मध्यम प्रकारको अपांगता भएका व्यक्तिहरु ३५ जना गरी कुल ६९ जना व्यक्तिहरुको ६ महिनाको (२०७९ माघदेखि २०८० असारसम्म) प्रति व्यक्ति मासिक रु ५०० का दरले बैंकमार्फत सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १४ : वडा समितिको बैठक भत्ता सम्बन्धमा ।**

चालु आर्थिक बर्ष २०७९।८० मा वडा समितिहरुको बैठक बसे वापतको एक आवमा बढीमा १५ वटा सम्मको बैठक भत्ता (प्रति बैठक बढीमा ७ जना नबढाई) वडाहरुबाट पेश भए पश्चात पदाधिकारीहरुको बैठक भत्ता शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. १५ : जिल्ला विपद् व्यवस्थापन समितिलाई सहयोग सम्बन्धमा ।**

पानीमा डुबेकाहरुको खोज तथा उद्दारको लागि डुंगा खरिद गर्न जिल्ला विपद् व्यवस्थापन समिति लमजुङलाई रु. १ लाख विपद् व्यवस्थापन कोषबाट उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १६ : तोकादेश वमोजिम सम्पन्न भएका योजनाहरुको भुक्तानी सम्बन्धमा ।**

नगरप्रमुखबाट तोक आदेश भई सम्पन्न भएका योजना तथा कार्यक्रमहरुको भुक्तानीका सम्बन्धमा चालु आ.व.को आन्तरिक श्रोततर्फको सिंचाई पाइप खरिद तथा सिंचाई सम्बन्धी फुटकर योजनाहरु शिर्षकबाट रु. १० लाख विनियोजन गरी भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. १७ : तारजाली तथा सिंचाई पाइप खरिद सम्बन्धमा ।**

बाढी पहिरोबाट घर संरचना तथा सिंचाई कुलोहरुमा क्षति पुग्न जाने हुँदा घर संरचना संरक्षणको लागि तारजाली तथा कुलोहरुको क्षति भएको स्थानमा कृषकहरुलाई सिंचाई पाइप उपलब्ध गराउनको देहाय अनुसार खरिद गर्ने निर्णय गरियो । साथै त्रिपाल र कालो प्लाष्टिक समेत खरिद गर्ने निर्णय गरियो ।

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिका कार्यालय
बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३

गुमान सिंह अर्याल
नगर प्रमुख



देहाय

| क सं | खरिद गर्ने सामानको विवरण | रकम रु | शिर्षक |
|---|---|---|---|
| १ | तारजाली खरिद | ५ लाख | जलउत्पन्न प्रकोप नियन्त्रण/संघीय समानीकरण |
| २ | सिंचाई पाइप खरिद | ५ लाख | सिंचाई पाइप खरिद/आन्तरिक श्रोत |

**निर्णय नं. १८ : विपद्जन्य योजनाहरुको सम्झौता सम्बन्धमा ।**

प्राकृतिक तथा गैह्र प्राकृतिक विपदको कारणले क्षति भई आकम्मिक रुपमा गर्नुपर्ने योजना तथा कार्यक्रमको हकमा जुनसुकै समयमा पनि गर्नुपर्ने भएकोले सम्झौताको म्याद सिमा नराख्ने निर्णय गरियो ।

**निर्णय नं. १९ : दलित लक्षित लोकसेवा तयारी कक्षा सञ्चालन सम्बन्धमा ।**

दलित लक्षित लोक सेवा तयारी कक्षा सञ्चालनको लागि विनियोजत बजेटबाट (रु १ लाख ५० हजार) लोक सेवा तयारी कक्षा सञ्चालन गर्न फोर के.मल्टिमिडियासंग गरिएको सम्झौतालाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २० : नीजि श्रोतका शिक्षकहरुको तलव भुक्तानी सम्बन्धमा ।**

नगरपालिकाको श्रोतबाट मासिक रु १५ हजारका दरले पारिश्रमिक उपलब्ध गराउने गरी नियुक्त भएका नीजि शिक्षकहरुको चालु आ.व.मा आवश्यक पर्ने रु ३ लाख २५ हजार देहायका शिर्षकहरुबाट व्यहोर्ने निर्णय गरियो ।

**देहाय**

(क) आन्तरिक श्रोततर्फको शैक्षिक व्यवस्थापनमा वि.व्य.स./शि. अ.संघ/अभिभावक सचेतना शिर्षकबाट- रु २ लाख

(ख) आवासीय विद्यालय सञ्चालन सहयोग कार्यक्रम शिर्षकबाट- रु १ लाख

(ग) उमेरहदका कारण अनिवार्य अवकाश भएका विद्यालय सहयोगी प्रोत्साहन कार्यक्रमबाट- रु २५ हजार ।

**निर्णय नं. २१ : निर्णय संशोधन सम्बन्धमा ।**

कार्यपालिका बैठकबाट विभिन्न मितिमा भएका निर्णयहरुमा देहाय अनुसार संशोधन गर्ने निर्णय गरियो ।

**देहाय**

| निर्णय मिति र निर्णय नं | भएको | हुनुपर्ने |
|---|---|---|
| २०७९।१०।२६ नि नं ७ | धुरपुरे शहरी स्वास्थ्य केन्द्रको लागि स्वास्थ्य सामाग्री खरिद | धुरपुरे शहरी स्वास्थ्य केन्द्रको लागि आवश्यक सामाग्री खरिद |
| २०७९।६।१२ नि नं ७ ख | महिला स्वास्थ्य स्वयंसेविकाको यातायात भत्ता | महिला स्वास्थ्य स्वयंसेविकाको लागि यातायात खर्च |

**निर्णय नं. २२ : निर्णय अनुमोदन सम्बन्धमा ।**

९ नं वडा समितिले गरेका देहाय वमोजिमका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

(क)वडा नं ९ ले वर्षा याममा सडक संरक्षण, सानातिना मर्मत र सफा गर्नको लागि ३ महिनाको लागि प्रति हेरालु मासिक रु. १५ हजार उपलब्ध गराउने गरी जम्मा २ जना सडक हेरालु राख्ने र उक्त सडक हेरालुको लागि चालु आ.वमा व्यहोर्नु पर्ने रकम वडास्तरीय लक्षित वर्ग कार्यक्रम शिर्षकबाट व्यहोर्ने ।

(ख) बेनपा ९ स्थित श्री बालज्योति शिशु स्याहार केन्द्रमा धारा जडानको लागि लागेको खर्च रु १२७२०।- वडास्तरीय लक्षित वर्ग कार्यक्रम शिर्षकबाट व्यहोर्ने ।



गुमान सिंह अर्याल
नगर प्रमुख